नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

# पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

हरिहरभवन, ललितपुर

# पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः२०७७/०६/२६

**प्रस्तावनाः** आयोजना क्षेत्रमा गाईभैसीपालन, बाख्रापालन र कुखुरापालन समुहहरुमा संलग्न लाभग्राही कृषकहरुलाई पशुपालन सम्वन्धी जलवायु तथा पोषणमैत्री प्रविधिहरू तथा सुधारिएका अभ्यासहरु अवलम्वन गर्न आवश्यक व्यवहारिक सिप तथा दक्षता अभिवृद्धि गर्नका लागि आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यक्रम गर्ने अभिप्रायले **पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"आयोजना व्यवस्थापन इकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(ग) **"आयोजना क्लष्टर इकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरूमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन इकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर इकाईहरूलाई सम्झनुपर्छ।

(घ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(च) **"जलवायु तथा पोषण मैत्री प्रविधि"** भन्नाले आयोजनाले प्रवर्द्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन वा जलवायु परिवर्तनको असर न्यूनीकरण वा अनुकूलन गर्ने र पोषण सुरक्षा



सचिव

प्रवर्द्धन गर्न तथा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रविधिहरूलाई सम्झनुपर्छ।

(छ) **"कृषक पाठशाला"** भन्नाले कृषकहरूले सामूहिक रूपमा खेतबारी र गोठमा नै व्यवहारिक ज्ञान-सीप आर्जन गर्ने, खोजपूर्ण सिकाईका तरिकाहरू अपनाई पर्यावरणीय विश्लेषणमा आधारित भई स्वस्थ एवं स्वच्छ पशुपन्छी उत्पादनका बारेमा सिक्ने र सिकाउने एउटा थलो भन्ने सम्झनुपर्छ ।

(ज) **"पशुपन्छी पालन कृषक पाठशाला"** भन्नाले पशुपन्छीजन्य उत्पादनमा केन्द्रित गरी सञ्चालन गरिने "गाईभैसी पालन कृषक पाठशाला", "बाख्रा पालन कृषक पाठशाला" र "कुखुरा पालन कृषक पाठशाला" लाई सम्झनु पर्दछ ।

(झ) **"कृषक समुह"** भन्नाले आयोजनाबाट गठन गरिएका गाईभैसी पालन कृषक समुह, बाख्रा पालन कृषक समुह र कुखुरा पालन कृषक समुहहरु लाई सम्झनु पर्दछ ।

(ञ) **"म्यानुअल"** भन्नाले पशुपन्छी पालन कृषक पाठशाला सञ्चालनका तरिका तथा विधि विस्तृत रूपमा उल्लेख गरी आयोजनाद्वारा तयार गरिएको "गाईभैसी पालन कृषक पाठशाला सञ्चालन म्यानुअल-२०७७", "बाख्रा पालन कृषक पाठशाला सञ्चालन म्यानुअल-२०७७" र "कुखुरा पालन कृषक पाठशाला सञ्चालन म्यानुअल-२०७७" लाई सम्झनु पर्दछ ।

(ट) **"लाभग्राही"** भन्नाले आयोजनाबाट प्रत्यक्ष सेवा प्राप्त गर्ने कृषक समूह वा कृषक समुहका सदस्यहरूलाई सम्झनुपर्छ ।

(ठ) **"सहजकर्ता"** भन्नाले कृषक पाठशालालाई व्यवस्थित एवं प्रभावकारी रूपमा सहजिकरण गरी सिक्ने सिकाउने कार्यलाई अगुवाई गर्ने कृषक पाठशाला प्रशिक्षक तालिम प्राप्त दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

(ड) **"पशु सेवा प्राविधिक"** भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थाहरूबाट गाँउपालिकामा खटाईएका पशु सेवा प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ढ) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनुपर्छ ।

(ण) **"प्राविधिक अधिकृत"** भन्नाले प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर इकाईमा खटाइएको पशु पालन विज्ञलाई सम्झनुपर्छ ।

सचिव

३. **उद्देश्य:** (१) यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्

(क) किसानहरूको आ-आफ्नो अवस्था सुहाउँदा पशुपन्छी पालन सम्वन्धी उन्नत/उपयुक्त प्रविधिहरू पहिचान/विकास तथा प्रसारको लागि स्थलगत रूपमा सहभागितात्मक विधिबाट किसानहरूको ज्ञान सीप अभिवृद्धि गराउनु ।

(ख) कृषक पाठशाला संचालनका प्राविधिक तथा व्यवस्थापकीय पक्षहरुलाई संयोजन गरी तालिम संचालन प्रक्रियामा एकरुपता र प्रभावकारिता कायम गर्नु ।

४. **कार्यक्रम विवरण:** (१) यो कार्यक्रम आयोजना लागु भएका आठ जिल्लाका १६ गाउँपालिकाहरू कार्यक्षेत्र हुने गरी सञ्चालन गरिनेछ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट आयोजना कार्यक्षेत्रका लागि सिफारिस गरिएका जलवायु तथा पोषण मैत्री प्रविधिहरू अवलम्बन गर्न कृषकहरूलाई प्रेरित गरिनेछ ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **लक्षित वर्ग तथा समूह गठन** (१) पशुपन्छीपालन कृषक पाठशाला आयोजनाबाट गठन गरिएका कृषक समुहहरुमा संचालन गरिनेछ । देहायका कृषक समुहहरूलाई पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन को लागि प्राथमिकता दिईनेछ ।

(क) कृषक पाठशालाको नियमानुसार नियमित रूपमा सञ्चालन हुने कृषक पाठशालामा सहभागी भई सक्रिय रुपमा भाग लिन इच्छुक कृषक समुहहरु ।

(ख) पशु तथा पशुजन्य पदार्थहरुको उत्पादन तथा विक्री गर्दै आएका कृषकहरू ।

(ग) नयाँ/उन्नत/सुधारिएका प्रविधिहरूको अनुसरण गरी पशुजन्य पदार्थहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न इच्छुक कृषकहरू ।

(घ) सम्भव भएसम्म ६५ प्रतिशत महिला सदस्यहरूको सहभागिता भएको कृषक समुह

(२) उपदफा (१) बमोजिम छनौट गरिएको कृषक समूहमा “गाईभैसी पालन कृषक पाठशाला”, “बाख्रा पालन कृषक पाठशाला” वा “कुखुरा पालन कृषक पाठशाला” मध्ये कुनै एउटा कृषक पाठशाला सञ्चालन गरिनेछ ।

(३) पशुपन्छी पालन कृषक पाठशालामा तुलनात्मक अध्ययन र सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्न उपयुक्त स्थानको छनौट कृषक समूहको सहमतिमा व्यवस्था गर्नु पर्नेछ ।

सचिव

(४) उपदफा (३) बमोजिम सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्न नेपाल कृषि अनुसन्धान परिषद् बाट आयोजना क्षेत्रको हावापानी तथा भौगोलिक अवस्था अनुसार उपयुक्त सिफारिस भएका वा सिफारिस योग्यनयाँ प्रविधिहरूको प्रयोग गरिनेछ ।

(५) कृषक समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखीकरणका साथै अनिवार्य रूपमा समूहलाई बैंक खाता खोल्न लगाउनु पर्नेछ ।

६. <u>पाठशाला सञ्चालनको तयारी:</u> (१) आयोजना क्लष्टर इकाईले दफा ५ बमोजिम छनौट गरिएका कृषक समूहहरूमा पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन गर्नेछ।

(क) पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन गर्न प्रति पाठशाला दुईजनाका दरले सहजकर्ताको व्यवस्थापन गर्ने जसमध्य १ जना मुख्य सहजकर्ता र अर्को १ जना सहयोगी वा सहायक सहजकर्ता तोक्नु पर्नेछ ।

(ख) उपदफा १(क) अनुसार तोकिने सहजकर्तालाई पशुपन्छी पालन कृषक पाठशाला सञ्चालनको कार्यक्रम सञ्चालन पुर्व अधिकत ५० प्रतिशत पेश्की रकम उपलब्ध गराउन सकिनेछ साथै बाँकी रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी हुनेछ ।

(ग) उपदफा १(क) अनुसार तोकिने कृषक सहजकर्ताको हकमा पशुपन्छी पालन कृषक पाठशाला सञ्चालनको लागि करारनामा गराई उपदफा १(ख) अनुसार भुक्तानी गरिनेछ ।

(घ) पशु सेवा प्राविधिकले सम्बन्धित कृषक समूह र सहजकर्ताहरू बीच समन्वय गराउनु पर्नेछ।

(ङ) प्राविधिक अधिकृतले पाठशाला सञ्चालनका लागि अभिमुखीकरण तथा आवश्यक प्राविधिक सरसल्लाह तथा सहयोग गर्नु पर्नेछ ।

(२) कृषक समूहले निर्धारण गरेको समयमा आयोजनाको म्यानुअलमा उल्लेख भएको कार्यतालिका अनुसार अध्ययन, परीक्षण तथा तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) म्यानुअलमा उल्लेख भए अनुसार व्यवस्थित तरिकाले पाठशाला सञ्चालन गर्नका लागि तोकिएका सहजकर्ताहरूले तयारी बैठकहरू सञ्चालन गर्नु पर्नेछ ।

(४) तयारी बैठकहरू तोकिएको बजेट सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ।

७. <u>तालिम सञ्चालन:</u> (१) कृषक समूहमा दफा ६ बमोजिम पाठशाला सञ्चालनको तयारी पुरा भएपछि सामान्यतया दुई हप्तामा १ दिन तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

सचिव

(२) कृषक पाठशाला पद्धतिको सिद्धान्त अनुरूप वातावरणीय सन्तुलन कायम राखी पशुपन्छीजन्य उत्पादनका बहु आयामिक पक्षहरू जस्तै पशुपन्छीका उन्नत जातहरू, नश्ल सुधार, पशुपन्छीको आहारा व्यवस्थापन, गोठ सुधारका साथै महिलाहरूको कार्यबोझमा कमी ल्याउने पहलहरू, जलवायु परिवर्तनका सवालहरूमा सचेतना जगाउदै हरितगृह ग्यास उत्सर्जन कम गर्न र जलवायु अनुकूलन प्रविधि विस्तार आदिका लागि उपयुक्त निर्णय लिन सक्ने क्षमता कृषकहरूमा विकास गराउन आवश्यक सबै विषयवस्तुहरू पाठशालामा समावेश गर्नु पर्नेछ ।

(३) पाठशालाहरू स्थलगत अध्ययन र सहभागितात्मक एवं अन्तर्क्रियात्मक सिकाई (Experiential Learning) मा आधारित हुनु पर्नेछ ।

(४) प्रत्येक कृषक पाठशालामा तुलनात्मक अध्ययन र कम्तिमा २ वटा सहायक/सहयोगी परीक्षणहरू सञ्चालन गर्नु पर्नेछ।

(५) पशुपन्छी पालन कृषक पाठशालामा कति वटा कक्षा सञ्चालन गर्ने र कति हप्तासम्म पाठशाला चलाउने भन्ने कुरा म्यानुअलमा उल्लेख गरिए अनुसार निर्धारण गर्नु पर्नेछ ।

(६) गाइभैसी पालन कृषक पाठशालाको तालिम सञ्चालन तोकिएको बजेट सीमाभित्र रही गर्नु पर्नेछ।

८. <u>कृषक दिवस सञ्चालनः</u> (१) दफा ७ बमोजिम तालिम समापन पश्चात कृषक पाठशालामा म्यानुअल अनुसार कृषक दिवस सञ्चालन गर्नु पर्नेछ ।

(२) पाठशालाका मुख्य सिकाईहरू समुदायमा फैलाउन सकिने गरी कृषक दिवस सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद -३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

९. <u>अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्थाः</u> (१) पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन सम्बन्धी अनुसुची २ अनुसारको अभिलेख एवं विस्तृत कार्य प्रगति प्रतिवेदन सम्बन्धित पाठशाला सहजकर्ताले पाठशाला समाप्त भएको दुई हप्ता भित्र आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ । कार्य प्रगति प्रतिवेदनको ढाँचा आयोजनाको म्यानुअलमा उल्लेख भए अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम विस्तृत कार्य प्रगति प्रतिवेदन तयार गर्न पशु सेवा प्राविधिकहरूले सहयोग गर्नु पर्नेछ र सो को प्रगती प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन अधिकृतले सङ्कलन गरी मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईमा पेश गर्नु पर्नेछ ।



सचिव

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईको हुनेछ । साथै आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका वा अन्य निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक, चौमासिक र वार्षिक रूपमा आयोजना क्लष्टर इकाईले आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद -४

## विविध

१०. <u>आर्थिक पक्षः</u> (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक पक्ष आयोजना कार्यन्वयन म्यानुल **(PIM)** को अनुसुची **3.1 V** मा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम खर्चको भुक्तानी कार्यप्रगतिका आधारमा तोकिएका पाठशाला सहजकर्ताको बैङ्क खाता मार्फत गर्नुपर्नेछ ।

११. <u>गुनासो तथा उजुरीः</u> (१) यस कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरू आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१२. <u>अमान्य हुने</u> (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू सोही अनुसार हुने र उल्लेख नभएका विषयहरूको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछन् ।

१४. <u>बाधा अड्काउ फुकाउनेः</u> (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. <u>खारेजी तथा संशोधनः</u> (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव

अनुसुची १

कृषक पाठशाला संचालनको अभिलेख

१. प्रदेश:.....................     २. जिल्ला : ..........................   ३. गाँउपालिका:

स्थान:

४. कृषक पाठशालाको नाम :......................

५. स्थापना मिति :...............................

६. सहभागी संख्या : जम्मा .........  महिला .............  पुरुष .....................

७. कृषक पाठशालाको मूख्य सहजकर्ताको नाम :...............................

८. सहयोगी सहजकर्ताको नाम :...............................

९. पाठशाला व्यवस्थापन नाम कार्य संचालनमा संलग्न हन्य सहयोगी सदस्यहरुको/:

क) ..............................  ख) ..............................  ग) ..............................

१०. पाठशाला अध्यक्षको नाम :...............................

११. अवधि : मिति ..........................देखि ..............................  सम्म .............................

१२. उप समूहको संख्या-:...............................

| उप-समूहको नाम | सहभागी संख्या | | उप-समूह प्रमुखको नाम | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| १. | | | | |
| २. | | | | |
| .......... | | | | |
| | | | | |

१३. **कृषक पाठशालाका सहभागीहरुको अभिलेख:**

| क्र. सं. | कृषकको नाम थर | ठेगाना | लिङ्ग | उमेर | साक्षरता | पेशा | जातिय समूह | समूहमा सम्हालेको पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सचिव

## सहभागी कृषकहरुको वर्गिकरण

| उमेर समूह अनुसार | | | | |
|---|---|---|---|---|
| २० वर्ष र सो भन्दा कम | २१ देखि ३० वर्ष सम्म | ३१ देखि ४० वर्ष सम्म | ४१ देखि ५० वर्ष सम्म | ५० वर्ष भन्दा माथि |
| | | | | |
| साक्षरता अनुसार | | | पेशा अनुसार | |
| निरक्षर | साक्षर | शिक्षित | कृषि | कृषि तथा अन्य |
| | | | | |

साक्षर: कक्षा ७ सम्म अध्ययन गरेको, शिक्षित: कक्षा ७ भन्दा माथि अध्ययन गरेको

## १४. लैङ्गिक भूमिका विश्लेषण तालिका

मिति: ...........................

| क्र.सं. | गाईभैंसी पालन संग सम्वन्धित कार्यहरु | जम्मा | लैङ्गिक विश्लेषण | |
|---|---|---|---|---|
| | | % | महिला (%) | पुरुष (%) |
| १ | | | | |
| २ | | | | |

## १५. सामाजिक समावेशिकरण तालिका

गाँउपालिका :.............. वडा :............कूल घरधुरी :........कूल जनसंख्या :.........(करिव)

| क्र.सं. | जाति / जातीय समूह | संख्या (करिब) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | बाह्मण | | | |
| २ | क्षेत्री | | | |
| ३ | मधेशी | | | |
| ४ | आदिवासी/जनजाती (जातिको नाम लेख्नुहोस) | | | |
| ५ | दलित | | | |
| | ....................... | | | |

१६. तुलनात्मक अध्ययन परीक्षण सम्बन्धी विवरण

उद्देश्यहरु:

| क.सं. | तरिका | पालन पद्धति | जात | पशुपन्छीको प्रजाति र नश्ल | अध्ययन शुरु गरेको मिति | खोर | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अवस्था | प्रकार |
| १ | | सुधारिएको | | | | | |
| | | विद्यमान | | | | | |
| २ | | सुधारिएको | | | | | |
| | | विद्यमान | | | | | |
| ३ | | सुधारिएको | | | | | |
| | | विद्यमान | | | | | |

**१७. सहयोगी अध्ययन :**

**१. परीक्षणको नाम:**

१.१ उद्देश्य :

१.२ अध्ययन तरीका :

- ❖ डिजाईन :
- ❖ अवलोकन अवधि :
- ❖ अवलोकनका सूचकहरु :

**२. परीक्षणको नाम :**

२.१ उद्देश्य :

२.२ अध्ययन तरीका :

- ❖ डिजाईन :
- ❖ अवलोकन अवधि :
- ❖ अवलोकनका सूचकहरु :

**३. परीक्षणको नाम :**

३.१ उद्देश्य :

३.२ अध्ययन तरीका :

- ❖ डिजाईन :
- ❖ अवलोकन अवधि :
- ❖ अवलोकनका सूचकहरु :

**अन्य प्रासङ्गिक विवरण :**

तयार गर्ने................. प्रमाणित गर्ने .................

मिति ........................ मिति .................

सचिव